# हार्दिक अपिल!!!

भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने उद्देश्यका साथ शुरु भएको जेन-जी पुस्ताको आन्दोलनका क्रममा तोडफोड, आगजनी तथा चोरी भई देशभरका सार्वजनिक कार्यालयका भवन, फर्निचर, कम्प्यूटर तथा इलेक्ट्रोनिक्स उपकरणहरु, कार्यालयका महत्वपूर्ण कागजात सहितका अभिलेखहरुमा अपूर्णीय क्षति पुग्न गएको घटना प्रति पोखरा महानगरपालिका सल्लाहकार परिषद् घोर भत्सर्ना गर्दछ ।

आन्दोलनका क्रममा पोखरा महानगरपालिकाको न्यूरोड स्थित प्रशासकीय भवन, महाशाखा रहेका भवन, वडा कार्यालय भवनहरु तथा उक्त भवनमा रहेका जिन्सी सामाग्री, महत्वपूर्ण अभिलेख लगायतका संस्थागत अभिलेख जलाई नष्ट भएको, प्रशासनकीय भवनबाट सेवा प्रवाह हुन नसक्ने गरी क्षतिग्रस्त भएको घटनाले हामीलाई निकै दुखीत तुल्याएको छ ।

यस कारण महानगर र वडा कार्यालयहरुको तोडफोड आगजानी र चोरीमा संलग्न घुसपैठ गर्ने व्यक्तिहरुको CCTV Footage, Video, You-tube समेतका आधारमा पहिचान, अध्ययन तथा अनुसन्धान गरी कडा कारवाहीका लागि सम्बन्धित निकायमा पठाउन सल्लाहकार परिषद् जोडदार माग गर्दछ ।

आगामी दिनमा महानगर भित्र शान्ति सुरक्षाको प्रत्याभूति सहित सेवा प्रवाह र सुशासनमा जोड दिने तर्फ महानगर परिवारलाई अपिल गर्दछौं ।

**पोखरा महानगरपालिका**
**सल्लाहकार परिषद्**